17/11/2025

National News

प्रमुख समाचार

- बंग्लादेशकी पूर्व प्रधानमन्त्री र पूर्व गृह मन्त्रीलाई सुनाइयो मृत्यु दण्डको सजाय
- विदेश मन्त्रालयले भनेको छ, भारत छिमेकी बंग्लादेशका मानिसको हित, शान्ति र लोकतन्त्रका लागि प्रतिबद्ध छ
- मक्काबाट मदीना गइरहेको बसमा सवार बयालीसजना भारतीय तीर्थयात्रीको मृत्यु
- गृह मन्त्री अमित शाहले गर्नुभयो उत्तर क्षेत्रीय परिषद बैठकको अध्यक्षता

- Bangladesh Sheikh Hasina

बंग्लादेशको अन्तरराष्ट्रिय अपराध न्यायाधिकारमा पूर्व प्रधानमन्त्री शेख हसीना र पूर्व गृह मन्त्री असदुज्जमान खानलाई अपराध विरूद्ध आज मृत्यु दण्डको सजाय सुनाइएको छ।
मोहम्मद गुलाम मुर्तुजा मजुमदारको नेतृत्वमा तीन सदस्यीय खण्डपीठले चार सय तीर्पन पेजको फसेला पड्यो, जसमा श्रीमती हसीनालाई जुलाई-अगस्त 2024-को विद्रोहमा छात्र समर्थकहरूमाथि घातक कार्यवाही गर्दै उनीहरूलाई उक्साउने, अपराधिक षड्यन्त्र गर्ने र विद्रोह रोक्नमा असफलसहित धेरै मामिलामा दोषी ठहराइयो।
बर्तमानमा निर्वासनमा रहेकी अठहतर वर्षीय श्रीमती हसीनाले फसेलाको निन्दा गर्नुभएको छ। कार्यवाहीलाई “ठगी” र “राजनीति प्रेरित”-को संज्ञा दिँदै उहाँले भन्नुभयो, यो निर्णय “बिना कुनै प्रजातान्त्रिक सरकारद्वारा एउटा पूर्व निष्कर्षमा निकालिएको थियो। श्रीमती हसीनाले भन्नुभयो, विद्यार्थीहरूको विरोध प्रदर्शनसित जोड़िएको आरोप उहाँलाई राजनीतिबाट हटाउनका लागि रचिएको थियो।

---------------------------------------X---------------------------------------

- Foreign Ministry Bangladesh

विदेश मन्त्रालयले भनेको छ, भारत आफ्नो नजिकको छिमेकी बंग्लादेशका मानिसहरूको सर्वोत्तम हित, देशमा शान्ति, लोकतन्त्र, समावेशिता र स्थिरताका लागि प्रतिबद्ध छ। भारतले पूर्व प्रधानमन्त्री शेख हसीनाको सम्बन्धमा बंग्लादेशको अन्तरराष्ट्रिय अपराध न्यायाधिकरणद्वारा सुनाइएको फसेलेमाथि ध्यान दिएको छ।

भारतले छिमेकी देशमा शान्ति र लोकतन्त्र सुनिश्चित गर्न सबै हितधारकहरूसित रचनात्मक रूपमा बातचीत गर्दै आइरहेछ।

--------------------------------------X--------------------------------------

- <u>Medina Accident</u>

सऊदी अरबमा मक्काबाट मदीना गइरहेको एउटा यात्री बस एउटा डीजल ट्याङ्करसित ठोक्किन पुग्दा भारतीय उमराह तीर्थयात्रीहरू मारिएका छन्। बसमा सवार कुल पैंतालीसजना यात्रीहरू मारिएका छन्, जसमा भारतका बयालीसजना उमराह तिर्थयात्रीहरू थिए।

यो दुर्घटना भारतीय समयानुसार राति लगभग डेढ़ बजी मुफरीहाट नामको स्थानमा भयो। उमराह पूरा गरेर मक्काबाट हिड़ेको बस डीजल ट्याङ्करसित ठोक्किनासाथै आगो लाग्यो। जानकारीअनुसार मृतकहरूमा बीसजना महिला र एघारजना नानीहरू शामेल छन्। घटनामा मर्ने सबै बयालीसजना भारतीयहरू हैदराबादबाट थिए। घटनामा जीवित बाँचेका एकजनाको उपचार चलिरहेछ।

उपराष्ट्रपति CP राधाकृष्णन र प्रधानमन्त्री नरेन्द्र मोदीले घटनामाथि दुःख व्यक्त गर्नुभएको छ। सोशल मिडिया पोस्टमा उपराष्ट्रपतिले यस कठिन समयमा आफू प्रभावित परिवारको साथमा रहेको बताउनुभएको छ।

प्रधानमन्त्री श्री मोदीले सोशल मिडिया पोस्टमा आफ्नो संवेदना मृतका परिवार र प्रियजनहरूमा रहेको बताउनुभएको छ। उहाँले घाइतेको शीघ्र स्वस्थलाभको कामना पनि गर्नुभएको छ। प्रधानमन्त्रीले भन्नुभएको छ, रियादस्थित दूतावास र जेद्दास्थित वाणिज्य दूतावासले हरसम्भव सहायता गरिरहेछन्। उहाँले भन्नुभयो, भारतीय अधिकारी पनि सउदी अरबका अधिकारीको सम्पर्कमा छन्।

विदेश मन्त्री डाक्टर सुब्रमण्यम जयशंकरले यस दुर्घटनामाथि दुःख व्यक्त गर्नुभएको छ। जेद्दास्थित भारतीय महावाणिज्य दूतावासले एउटा हेल्पलाइन नम्बर र नियन्त्रण कक्ष स्थापित गरेको छ। हेल्पलाइन नम्बर हो 800-244-0003, 0122-614-093, 0126-614-276, 055-612-2301

घटनामाथि दुःख व्यक्त गर्दै तेलेंगानाका मुख्यमन्त्री A रेवन्त रेड्डीले राज्यका मुख्य सचिव र पुलिस महानिदेशकलाई बस दुर्घटनामा मारिएकाहरूको विवरण पत्तो लगाउने निर्देश दिनुभयो। यसैबीच, हैदराबादस्थित राज्य सचिवालयमा 9179979-59754 र 99129-19545 नम्बरसहित एउटा नियन्त्रण कक्ष स्थापित गरिएको छ। यसअतिरिक्त दिल्लीस्थित तेलेंगाना भवनमा पनि एउटा नियन्त्रण कक्ष स्थापित गरिएको छ। दिल्लीस्थित तेलेंगाना भवनमा नियन्त्रण कक्षको सम्पर्क नम्बर 98719-99044, 99583-22143 र 96437-23157 हो।

--------------------------------------X--------------------------------------

- <u>Shah NR Council</u>

केन्द्रिय गृह मन्त्री अमित शाहले आज हरियाणाको फरीदाबादमा आयोजित उत्तर क्षेत्रीय परिषद बैठकको अध्यक्षता गर्नुभयो। उत्तरी क्षेत्रीय परिषदमा हरियाणा, हिमाचल प्रदेश, पञ्जाब, राजस्थान, दिल्ली, जम्मू-कश्मीर, लद्दाख र चण्डीगढ़ राज्य अनि केन्द्रशासित प्रदेश शामेल छन्।

बैठकमा राजस्थानका मुख्यमन्त्री भजन लाल शर्मा, पञ्जाबका मुख्यमन्त्री भगवन्त मान, हरियाणाका मुख्यमन्त्री नायब सिंह सैनी, हिमाचल प्रदेशका मुख्यमन्त्री सुखविन्दर सिंह सुक्खू, जम्मू-कश्मीरका उपराज्यपाल मनोज सिन्हा, दिल्लीका उपराज्यपाल विनय कुमार सक्सेना, जम्मू-कश्मीरका मुख्यमन्त्री उमर अब्दुल्ला, दिल्लीकी मुख्यमन्त्री रेखा गुप्ता र वरिष्ठ अधिकारीहरूले पनि भाग लिए। बैठकअवधि, दिल्ली लाल किला विस्फोटका पीड़ितहरूलाई श्रद्धाञ्जली दिन एक मिनटको मौनधारण गरियो। बैठकमा राज्य सरकारहरूबीच समन्वय, जल बाँटफाँड़का मुद्दा र विकास कार्यमाथि चर्चा भयो। क्षेत्रीय परिषदले प्रधानमन्त्री नरेन्द्र मोदीको टीम भारतको दृष्टिकोणलाई पूरा गरिरहेछ।

---------------------------------------X---------------------------------------

- <u>Nadda Norway Minister</u>

स्वास्थ्य मन्त्री जगत प्रकाश नड्डाले नयाँ दिल्लीमा नर्वेका स्वास्थ्य मन्त्री जान क्रिश्चियन वेस्ट्रे-सित भेट गर्नुभयो। श्री नड्डाले भन्नुभयो, बैठकमा स्वास्थ्य र चिकित्सासितै औषधि विनियमनमा सहयोगलाई अझ दह्रिलो बनाउन समझौता गर्ने प्रस्ताव राखियो। उहाँले डिजिटल स्वास्थ्य, मानव संसाधन विकास, मातृ र शिशु पोषण तथा रोगमाथि सहयोगात्मक अनुसन्धानमा देशको प्राथमिकताबारे पनि चर्चा भयो। श्री नड्डाले आफू स्वास्थ्य सेवा साझेदारीलाई अघि बढ़ाउन र दुवै देशबीच द्विपक्षीय सम्बन्ध अझ प्रगाढ़ बनाउनका लागि तत्पर रहेको बताउनुभयो।

---------------------------------------X---------------------------------------

- <u>Dubai Air Show</u>

संयुक्त अरब अमीरातका राष्ट्रपति तथा दुबईका शासक शेख मोहम्मद बिन राशिद अल मक्तूमले आज उन्नाइसौं दुबई एयर शो-को शुभारम्भ गर्नुभयो। यसमा एक सय पन्द्रवटा देशका एक हजार पाँच सयभन्दा अधिक प्रदर्शक शामेल भइरहेछन्। आयोजनमा चार सय चालीस नयाँ प्रतिभागी र दुई सयभन्दा अधिक विमान शामेल छन्।

रक्षा राज्य मन्त्री सञ्जय सेठले यस अवसरमा भारतीय प्रतिनिधिमण्डलको नेतृत्व गर्नुभयो। यस दलमा रक्षा विभाग, रक्षा उत्पादन विभाग, विदेश मन्त्रालय र सशस्त्र

बलका वरिष्ठ अधिकारी शामेल छन्। श्री सेठले भारतीय पवेलियनको शुभारम्भ पनि गर्नुभयो। यसमा HAL, DRDO, कोरल प्रौद्योगिकी, दन्तल हाइड्रोलिक्स, इमेज सिनर्जी एक्सप्लोर र SFO प्रौद्योगिकीका उत्पाद प्रदर्शित छन्। उहाँले भन्नुभयो, यो पवेलियनले "एयरोस्पेस र रक्षाको क्षेत्रमा भारतको बढ्दो क्षमता र साझेदारीलाई दर्शाउँदछ।"

मण्डपसितै भारत फोर्ज, ब्रह्मोस, टेक महिन्द्रा र HBL अभियान्त्रिकीसहित उन्नाइसवटा भारतीय कम्पनीहरू स्वतन्त्र रूपमा प्रदर्शन गरिरहेछन्।

यसैक्रममा, रक्षा राज्य मन्त्री श्री सेठले दुबई एयर शो 2025-अवधि संयुक्त अरब अमीरातका आफ्ना समकक्ष मोहम्मद मुबारक अल मजुरूईसित द्विपक्षीय बैठक गर्नुभयो। बैठकमा उहाँले संस्थागत व्यवस्था, रक्षा प्रदर्शनी र प्रशिक्षण सहयोगको माध्यमबाट दह्रिलो द्विपक्षीय सम्बोधनमाथि प्रकाश पार्नुभयो। उहाँले दुवै पक्षले रक्षा सम्बन्धलाई अझ दह्रिलो बनाउन संयुक्त अनुसन्धान, साझा विकास र उत्पादनको संभावनामाथि पनि जोड़ दिनुभयो।

--------------------------------------X--------------------------------------

- President FC

सोल्हौं वित्त आयोगक ा अध्यक्ष ड ाक्टर अरविन्द पनगढ़ियाको नेतृत्वम ा आयोगक ा सदस्यहरूले आज राष्ट्रपति द्रौपदी मुर्मुसित भेट गरे। सोशल म िडिया पोस्टम ा श्रीमती मुर्मुले बैठकअवधि आयोगले 2026-देखि 2031-क ा ल ागि आफ्नो प्रतिवेदन प्रस्तुत गरेको बताउनुभयो।

--------------------------------------X--------------------------------------

- CDD 2025

रक्षा मन्त्रालयले यस महिनाको सत्ताइस तारिकदेखि नयाँ दिल्लीमा चाणक्य रक्षा संवाद 2025-को तेस्रो संस्करण आयोजन गर्न गइरहेछ। रक्षा मन्त्रालयले भनेको छ, दुई दिवसीय कार्यक्रममा राष्ट्रिय र अन्तरराष्ट्रिय विशेषज्ञहरूले रक्षा सुधार, प्राविधिक परिवर्तन, नागरिक-सैन्य एकीकरण र विकसित भारत 2047-को लक्ष्य प्राप्त गर्न भारतको बढ्दो सुरक्षा प्राथमिकतामाथि विचार-विमर्श गर्नेछन्। CDD 2025-को आयोजना "सुधारबाट परिवर्तन: सशक्त, सुरक्षित र विकसित भारत" विषयमा आधारित छ।

कार्यक्रमलाई सम्बोधन गर्दै, थल सेनाध्यक्ष जनरल उपेन्द्र द्विवेदीले भन्नुभयो, विकसित भारत 2047-को आकांक्षाका लागि निरन्तर स्थिरता र सुरक्षित वातावरण आवश्यक

छ। अपरेशन सिन्दूरबारे बताउँदै COAS-ले आतंकवाद विरुद्ध राष्ट्रिय संकल्प दोहोऱ्याउनुभयो अनि भन्नुभयो, आतंकवादी गतिविधिको समर्थन गर्नेहरूलाई छोड़िनेछैन।

---------------------------------------X---------------------------------------

- <u>IITF Naidu</u>

नागरिक उड्डयन मन्त्री K राम मोहन नायडूले भन्नुभयो, भारत अब विश्वको त◌ेस्रो सब◌ैभन्दा ठूलो विमानन बजार बन◌ेको छ, जसले देशक◌ो द्रुत आर्थिक विकास र बढ़◌्दो सम्पर्कलाई दर्शाउँदछ। उहाँले नयाँ दिल्लीम◌ा चौवालीसौं भारतीय अन्तरराष्ट्रिय व्यापार मेल◌ाम◌ा भारतीय विमानन प्राधिकरणक◌ो मण्डपक◌ो उदघाटन गर्दै य◌ो कुरा भन्नुभयो। श्री नायडूले भन्नुभयो..

यसैक्रममा, सूक्ष्म, लघु तथा मध्यम उद्यम मन्त्री जीतन राम माँझीले भन्नुभयो, देशको MSME नेटवर्क विश्वका सबैभन्दा ठूला नेटवर्कहरूमध्ये एउटा बनेको छ र देश भरिमा सात करोड़भन्दा अधिक एकाइहरू काम गरिरहेछन्। नयाँ दिल्लीमा भारतीय अन्तरराष्ट्रिय व्यापार मेलामा MSME मण्डपको शुभारम्भ गर्दै उहाँले भन्नुभयो, MSME-ले देश भरिमा तीस करोड़भन्दा अधिक मानिसहरूका लागि रोजगार सृजना गरेको छ र सरकारको लक्ष्य आगामी पाँच वर्षमा लगभग साट्ठी करोड़ रोजगार सृजना गर्नु हो।

---------------------------------------X---------------------------------------